August 10th, 2024

Saturday

National News

प्रमुख समाचार:-

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा केरलाको वायनाडको पहिरो प्रभावित क्षेत्रहरूको हवाई सर्वेक्षण
2. बैंकहरूले कोर बैंकिङ्मा विशेष ध्यान दिनुपर्नेमा वित्तमन्त्री श्रीमती निर्मला सीतारमणको जोड
3. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र तिमोर लेस्टेका राष्ट्रपति र प्रधानमन्त्रीबीच द्विपक्षीय वार्ता
4. ब्राजिलको साओ पाउलोमा विमान दुर्घटना हुँदा विमानमा सवार सबै ६१ जनाको मृत्यु
5. आज विश्व सिंह दिवस पालन गरिंदै
6. पेरिस ओलम्पिकको पदक तालिकामा भारत एक रजत र ५ कास्यसहित ६ पदक जितेर 69औ स्थान

## 1. Kerala - PM

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज वायनाडमा रहेको राहत शिविरको भ्रमण गरी पहिरोबाट प्रभावित मानिसहरूसँग कुराकानी गर्नुभयो । प्रधानमन्त्रीले मेपाडीस्थित अस्पतालमा पुगेर उपचाररत घाइतेसँग कुराकानी गर्नुभएको थियो । यसअघि प्रधानमन्त्रीले पहिरोबाट नराम्ररी प्रभावित चुरलमला र मुण्डक्काईको भ्रमण गर्नुभएको थियो । श्री मोदीले चुरलमलामा सेनाले बनाएको बेली ब्रिजको पनि भ्रमण गर्नुभएको थियो। श्री मोदीले सेना, विशेष अपरेशन समूह र राष्ट्रिय आपदा प्रतिक्रिया बलका कर्मचारीहरूसँग कुराकानी गर्नुभयो । प्रधानमन्त्रीले आज पञ्चिरिभट्टम, मुण्डक्काई र अट्टामालाको पहिरो प्रभावित क्षेत्रको हवाई सर्वेक्षण पनि गर्नुभयो । प्रधानमन्त्रीसँग केरलाका गभर्नर आरिफ मोहम्मद खान, मुख्यमन्त्री श्री पिनाराई विजयन, पर्यटन, पेट्रोलियम तथा प्राकृतिक ग्यास राज्यमन्त्री श्री सुरेश गोपी पनि हुनुहुन्थ्यो।

## 2. Nirmala – Core Banking

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले बैंकहरूले कोर बैंकिङमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभएको छ। रिजर्भ बैंकको केन्द्रीय सञ्चालक समितिको आज नयाँ दिल्लीमा भएको बैठकमा वित्तमन्त्रीले निक्षेप र कर्जा लगानीसम्बन्धी प्रमुख कामलाई प्राथमिकता दिन बैंकहरुलाई आग्रह गर्नुभयो । यस अवसरमा रिजर्भ बैंकका गभर्नर श्री शक्तिकान्त दासले ब्याजदरबारे निर्णय गर्न बैंक स्वतन्त्र रहेको बताउनुभयो । उहाँले निक्षेप तथा कर्जाको व्याजदर यथावत रहेको पनि बताउनुभयो।

## 3. PZ- Timor Leste

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुलाई तिमोर लेस्टेको सर्वोच्च नागरिक सम्मान ग्राण्ड कलर अफ अर्डरबाट सम्मानित गरिएको छ । राष्ट्रपति जोसे रामोस होर्टाले उहाँलाई राष्ट्रपति भवनमा सम्मान प्रदान गर्नुभएको थियो। राष्ट्रपति श्रीमती मुर्मुले तिमोर लेस्टेका राष्ट्रपति र प्रधानमन्त्रीसँग द्विपक्षीय वार्ता गर्नुभयो । दुवै देशले आपसी सहयोगका लागि तीनवटा समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । राष्ट्रपति श्रीमती मुर्मुले तिमोर लेस्टेका प्रधानमन्त्री श्री के. रैला गुस्माओसँगको द्विपक्षीय छलफलपछि पत्रकार सम्मेलनमा दुई देशबीच घनिष्ट मित्रता रहेको र दुवै देशको लोकतन्त्र बलियो रहेको बताइन् । अर्कोतर्फ, राष्ट्रपति होर्टाले भारतको लोकतान्त्रिक संस्कारको प्रशंसा गर्नुभयो। उहाँले आईटी डिजिटल पूर्वाधार, चिकित्सा र औषधि क्षेत्रहरूमा क्षमता निर्माणमा सहयोग र सहयोग गर्न भारतलाई अनुरोध गर्नुभयो।

## 4. Jaishankar - Maldives

विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरले भारत र माल्दिभ्स यस क्षेत्रका जनताको हितका लागि एक आपसमा घनिष्ठ सम्बन्ध बनाउन प्रतिबद्ध रहेको बताउनुभएको छ । डा. जयशंकर माल्दिभ्सको तीन दिने भ्रमणमा हुनुहुन्छ । राष्ट्रपति डा मोहम्मद मुइज्जुसँगको भेटवार्तापछि उहाँले यस्तो भन्नुभएको हो । डा जयशंकरले माल्दिभ्सका रक्षामन्त्री श्री मोहम्मद घसान मोमुनसँग भेटवार्ता गर्नुभयो। उहाँहरुले रक्षा र सुरक्षा सहयोग, सामुद्रिक सुरक्षाका लागि संयुक्त पहल र क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्न साझा हितका बारेमा छलफल गर्नुभएको थियो। डा. जयशंकरले माल्दिभ्सका २८ वटा टापुहरूमा पानी र सरसफाइ सम्बन्धी परियोजनाहरूको उद्घाटन गर्नुभयो।

5. Anantnag - Encounter

जम्मू कश्मीरको केन्द्र शासित क्षेत्र अनन्तनाग जिल्लाको गागरमाण्डु क्षेत्रको अह्लान गाउँमा आतंकवादी र सुरक्षा बलहरूबीच भिडन्त भएको छ। अन्तिम समाचार प्राप्त हुँदासम्म सुरक्षा बल र आतंककारीहरूको संयुक्त टोलीबीच गोलीबारी जारी थियो।

6. Bangladesh CJ Resigns

बंगलादेशका सर्वोच्च अदालतका प्रधानन्यायाधीश ओबेदुल हसनले आफ्नो पदबाट राजीनामा दिने निर्णय गरेका छन् । आज बिहान विद्यार्थीहरुको प्रदर्शनपछि उनले यस्तो निर्णय गरेका हुन्। उनलाई र पुनरावेदन अदालतका न्यायाधीशहरुलाई राजीनामा दिन दिउँसो १ बजेसम्मको समय दिइएको थियो । यसअघि आज सर्वोच्च अदालत परिसरमा विद्यार्थी, वकिललगायत सर्वसाधारण भेला भएका थिए र प्रधानन्यायाधीश र अन्य न्यायाधीशलाई दिउँसो १ बजेसम्म राजीनामा दिन आग्रह गरेका थिए । विद्यार्थीले राजीनामा नदिए आफ्नो घर घेरा हाल्ने धम्की दिएका छन् ।

7. Brazil Plane Crash

ब्राजिलको साओ पाउलोमा विमान दुर्घटना हुँदा ६१ जनाको मृत्यु भएको छ । जहाजमा रहेका ५७ यात्रु र चालक दलका चार सदस्यमध्ये कोही पनि बाँचेनन्। विमान आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा एउटा घरमा क्षति पुगेको छ ।

8. World Lion Day

आज विश्व सिंह दिवस हो। विश्व सिंह दिवसको अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सिंह संरक्षणमा संलग्न सबैको प्रशंसा गर्नुभएको छ। श्री मोदीले गुजरातको गिरमा सिंहहरूको ठूलो जनसंख्या रहेको र पछिल्ला केही वर्षहरूमा तिनीहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको बताउनुभयो। एक विज्ञप्तिमा जनाइएअनुसार सिंहको संख्या सन् १९९० मा २८४ रहेकोमा सन् २०२० मा ६७४ पुगेको छ ।

## 9. IMD Weather

मौसम पूर्वानुमान महाशाखाले भोलिसम्म देशको उत्तरी भूभागमा भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ । हिमाचल प्रदेशमा आज र भोलि उत्तराखण्ड र पूर्वी राजस्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

## 10. Olympic Update

पेरिस ओलम्पक २०२४ मा, महिला ७६ केजी फ्रिस्टाइल इभेन्टमा भारतीय रेसलर रेटिका हुडा किर्गिजस्तानको शीर्ष वरीयता प्राप्त मेडेट केजी आइपेरीसँग पराजित भएकी छन्। गल्फमा अदिति अशोक र दीक्षा डागरले महिला एकल प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न सकेनन्। भारतले अहिलेसम्म एक रजत र ५ कास्यसहित ६ पदक जितेको छ । पाँचौं काँस्य हिजो पहलवान अमन सेहरावतले पुरुष ५७ केजी फ्रिस्टाइल इभेन्टमा प्युर्टो रिकोका ड्यारियन क्रुजलाई पराजित गर्दै हात पारेका हुन्। । यो कुस्तीमा भारतको पहिलो पदक र समग्रमा छैटौं पदक थियो। पदक तालिकामा चीन सर्वाधिक 34 स्वर्ण पदक प्राप्त गरेर पहिलो स्थानमा छ। अमेरिकाले कुल 113 पदक जितेर दोस्रो स्थानमा छ. यसमा 33 स्वर्ण 41 रजत र 39 काँस्य पदक सामेल छ। भने अस्ट्रेलिया 18 स्वर्ण , 16 रजत र 14 काँस्य पदक जितेर तेस्रो अनि जापान 16 स्वर्ण 8 रजत र 13 काँस्य पदक जितेर चौथो स्थानमा छ। भारत एक रजत र 5 काँस्य सहित कुल 6 वटा पदक जितेर पदक तालिकाको 69 औँ स्थानमा छ।